

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज १४ गते सोमबार ❑ 30 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## राहत, उद्धार तथा अलपत्र यात्रुलाई तत्काल गन्तव्यमा पुर्‍याइन आवश्यक काम गरिने

रासस
काठमाडौं, १३ असोज

अविरल वर्षाका कारण गएको बाढीपहिराले आवागमन अवरुद्ध भई गन्तव्यमा पुग्न नसकी अलपत्र परेका यात्रुलाई सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला यातायात व्यवसायी सङ्घ र सुरक्षाकर्मीको संयुक्त प्रयासमा गन्तव्यमा पुर्‍याइने भएको छ ।

कार्यवाहक प्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहको अध्यक्षतामा आइतबार सिंहदरबारमा बसेको सर्वदलीय बैठकले बाढीपहिरामा परी प्रभावित भएका र घाइते भएकालाई तत्काल उद्धार गरी उचित वासस्थान, खाना, पानी र अन्य राहत सामग्री उपलब्ध गराउने निर्णय गरेको छ । बैठकमा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने दलका नेता, मन्त्रीलगायत उपस्थित हुनुहुन्थ्यो ।

बैठकले बाढी पहिरोमा परी ज्यान गुमाएप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै सम्पूर्ण घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । यस्तै, बाढिपहिरोबाट घरवास गुमाएका पीडितको पुनःस्थापनाका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको समन्वयमा सहरी विकास मन्त्रालयले उचित आवासको प्रबन्ध गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने, सङ्घीय राजधानीलाई बाँकी भू-भागसँग जोड्ने सबैजसो राजमार्गमा सानो ठूलो रोकावट आई आवागमन अवरुद्ध हुन गएको अवस्थालाई तत्काल सम्बोधन गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आफ्नो सम्पूर्ण संयन्त्र प्रयोग गरी तत्काल बाटो खुलाउने निर्णय भएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो । यसैगरी ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयले क्षतिग्रस्त प्रसारण लाईन र विद्युत् गृहको मर्मतसम्भार गरी विद्युत् आपूर्ति र सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले अवरुद्ध इन्टरनेट र टेलिफोन सेवा यथाशक्य छिटो सञ्चालन गर्ने, बाढीपहिरोका कारण क्षतिग्रस्त खानेपानी प्रणालीको मर्मतसम्भार गरी खानेपानी आपूर्ति गर्न खानेपानी मन्त्रालयले आवश्यक कार्य गर्ने निर्णय भएको पनि प्रवक्ता गुरुङले बताउनुभयो । मौसममा क्रमिक सुधार आइरहेको भए पनि विनाशकारी बाढीका कारण सिर्जित विषम परिस्थितिमा जनस्वास्थ्यका सवाल अहम हुने भएकाले विपद्पछिको महामारीको सम्भावनालाई न्यूनीकरण गर्न स्थानीय तह र प्रदेश सरकारसँगको समन्वयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक निरोधात्मक र उपचारात्मक विधी प्रयोग गरी प्रभावित क्षेत्रमा औषधि उपचार र आवश्यक जनशक्ति तथा उपकरणको व्यवस्था गर्ने निर्णय गरिएको छ । बैठकले विपद्को चपेटामा परेका नागरिक र आउँदै गरेको चाडपर्वलाई लक्षित गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले निजी क्षेत्रको समेत सहभागितामा खाद्यान्न, तरकारी, फलफूल, ग्याँसलगायत अत्यावश्यक दैनिक उपभोग्य सामान सूपथ मूल्यमा सजिलै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने निर्णय गरिएको छ । साथै बाढीका कारण क्षतिग्रस्त पुल, सडक, विद्यालय, स्वास्थ्य चौकी, सुरक्षा निकायका भवन, विद्युत् संरचनालगायत पूर्वाधार र कृषि तथा पशुपन्छी क्षेत्रमा भएको क्षतिको विवरण सम्बन्धित मन्त्रालयले सङ्कलन गरी पुनःनिर्माणको लागि आवश्यक प्रक्रिया अघि बढाउने बैठकको निर्णय छ ।

विपद्को घडीमा सबै राजनीतिक दल, तीनै तहका सरकार र निजी क्षेत्रसमेतको समन्वयात्मक एवं एकीकृत प्रयासमा उद्धार, राहत र पुनःस्थापनाको काम गर्ने तथा प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा सहयोग गर्न सम्पूर्ण नीजि क्षेत्र, आमनागरिक र संघसंस्थालाई अपिल गर्ने निर्णय गरिएको राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले बताउनुभयो ।

## प्रदेशको अर्थतन्त्र केन्द्र सरकारको भरमा: मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, १३ असोज




गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बजेट अभावकै कारण प्रदेशले विकास निर्माणको काममा तीव्रता पाउन नसकेको बताउनुभएको छ ।

अर्थतन्त्रमा सङ्घ सरकारले नियन्त्रण गर्दा प्रदेशकको विकास निर्माण कार्यले तीव्रता पाउन नसकेको भनाइ उहाँको थियो । पोखरामा आइतबार एबिसी टेलिभिजनद्वारा आयोजना गरिएको 'सुनौलो र समुन्नत गण्डकी प्रदेश' विषयक अन्तरक्रिया कार्यक्रममा मुख्यमन्त्री पाण्डेले बजेट अभावका कारण आफूले चाहेर पनि विकास निर्माण कार्यलाई तीव्रता दिन नसकेको बताउनुभयो । देशको अर्थतन्त्र बिग्रेकाले प्रदेशलाई छुट्याउने रकम पनि सङ्घीय सरकारले घटाउने गरेको जानकारी दिँदै मुख्यमन्त्री पाण्डेले सीमित स्रोतसाधनका बाबजुद आफूले काम गरिरहेको बताउनुभयो । प्रदेश सरकारले सम्पूर्ण अधिकार प्राप्त नगरेसम्म जनताले चाहेअनुसार विकास गर्न नसकिने उल्लेख गर्नुभयो ।

"प्रदेश सरकारले कृषि र पर्यटनलाई पहिलो प्राथमिकतामा राखेर काम गरेको छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "व्यावसायिक कृषि प्रणालीमार्फत हरेक वस्तुको पकेट क्षेत्र छुट्याएर कृषिमा आत्मनिर्भर हुनेतर्फ योजना अगाडि बढेका छन्, दोस्रो पञ्चवर्षीय योजनामा पनि यिनै कुरालाई प्रमुख रुपमा समेटिएको छ ।" गण्डकी प्रदेश पर्यटकका लागि सबैयाम उत्कृष्ट भएकाले यहाँको सडक र हवाईमार्ग सहज बनाउने अभियानमा आफू लागेको पाण्डेको दाबी छ । उहाँले नेपालको हिमाली क्षेत्र पदयात्राका लागि उत्कृष्ट गन्तव्य भएकाले विदेशी पर्यटकलाई पदमार्गमा आकर्षितगरी उनीहरुको बसाइ लम्ब्याउन जरुरी हुने बताउनुभयो । पछिल्ला वर्षमा नेपाली पर्यटक पनि हिमाली पदयात्रामा जान रुचाउने गरेको उहाँले सुनाउनुभयो । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा जगदीशचन्द्र पोखरेलले समुन्नत प्रदेश निर्माणका लागि गण्डकी प्रदेश सरकार र जनताले आर्थिक आयआर्जनका गतिविधिलाई तीव्रता दिँदै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । "गण्डकी प्रदेशका कास्की, मुस्ताङ र नवलपुरबाहेक अरु आठ जिल्ला ऋणात्मक रहेकाले त्यसतर्फ पनि प्रदेश सरकारको ध्यान जान आवश्यक छ", डा पोखरेलले भन्नुभयो, "प्रदेशमा रहेका स्रोतसाधनको प्रभावकारिता, मानवसंशाधन, न्यायिक शासन प्रणाली, सबैलाई अवसर, पुँजी निर्माणले अर्थतन्त्रलाई बलियो बनाउन सकिन्छ ।"गण्डकी प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले आत्मनिर्भर अर्थतन्त्र र गुणस्तरीय सार्वजनिक सेवालाई प्राथमिकता दिँदै आयोग अगाडि बढेको छ । गण्डकीलाई समृद्ध प्रदेश बनाउन दोस्रो पञ्चवर्षीय योजनामा कसरी प्रदेशवासीको आयआर्जन वृद्धि गर्न सकिन्छ भनेर योजना अगाडि सारिएको बताउनुभयो । नेपाल पर्यटन बोर्ड पोखराका प्रमुख कुन्दन मिश्रले गण्डकी प्रदेश पर्यटकीय रुपमा सम्भावना नै सम्भावना भएकाले पहिलो प्राथमिकतामा पर्यटनलाई नै राख्न प्रदेश सरकारसँग आग्रह गर्नुभयो ।

## बाढीपहिरो र डुबानमा परी देशभर एक सय ७० जनाको मृत्यु, ४२ अझै बेपत्ता

रासस
काठमाडौं, १३ असोज

बाढीपहिरो र डुबानमा परी हालसम्म देशभर एक सय ७० जनाको मृत्यु भएको छ ।

ती घटनामा परी ४२ जना बेपत्ता भएका छन्भने एक सय ११ जना घाइते भएका गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले एक सूचनामार्फत केहीबेर अघि जानकारी दिनुभयो ।

बाढी, पहिरोपछिको खोज, उद्धार र राहतका लागि सबै सुरक्षा निकाय परिचालित भई हालसम्म करिब चार हजार विपद् प्रभावितको उद्धार गरिएको उहाँले जानकारी दिनुभयो ।

काभ्रेपलाञ्चोक, सिन्धुली र ललितपुरलगायत जिल्लाका विभिन्न स्थानबाट घाइते र अलपत्र परेका एक सय ६२ जनालाई नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ । बाढी पहिरो प्रभावितलाई खाद्यान्नलगायत आपत्कालीन राहत सामग्री उपलब्ध गराइएको तथा घाइतेहरूको सरकारी अस्पतालमा निःशुल्क उपचार भइरहेको प्रवक्ता तिवारीले जानकारी बताउनुभयो । "यसका साथै खोज तथा उद्धार र राहत कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइएको छ । सम्बन्धित निकायसँगको समन्वयमा अवरुद्ध राजमार्ग तत्काल सञ्चालनमा ल्याउन मन्त्रालयले पहल गरिरहेकाले छ", उहाँले भन्नुभयो ।

प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसमेत विपद् प्रभावितको खोज, उद्धार र राहतमा सक्रियतापूर्वक जुटिरहेको पनि मन्त्रालयले जनाएको छ ।

## 'पदयात्राका लागि नेपालको हिमाली क्षेत्र उत्कृष्ट'

पोखरापत्र संवाददाता
पोखरा, १३ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पदयात्राका लागि नेपालको हिमाली क्षेत्र उत्कृष्ट भएको बताउनुभएको छ।

पदयात्रा गर्न विदेशी पर्यटकलाई आकर्षित गर्न आवश्यक भएको उहाँले बताउनुभयो ।

नेपाल पर्वतारोहण सङ्घअन्तर्गत अन्तरष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखराद्वारा ४५औं विश्व पर्यटन दिवसका अवसरमा शनिबार यहाँ आयोजित रुसी नागरिक युरी रोडिचेभद्वारा खिचिएका हिमालहरुको फोटो प्रदर्शनी एवं पुस्तक सार्वजनिक कार्यक्रममा मुख्यमन्त्री पाण्डेले हिमाली क्षेत्रको महत्व विश्वभर प्रचारप्रसार गर्न जरुरी भएको उल्लेख गर्नुभयो । जलवायु परिवर्तनकै कारण नेपालका हिम शृङ्खलामा हिउँ पग्लिने क्रम बढिरहेको उल्लेख गर्दै उहाँले जलवायु परिवर्तनको असरलाई कम गरी हिमालहरुको संरक्षण गर्नतर्फ सरकार र पर्यटन सम्बद्ध संस्थाहरुले ध्यान दिन जरुरी भएको बताउनुभयो ।

पर्यटकीय राजधानी पोखराको पर्यटन विकासमा प्रदेश सरकारले विशेष ध्यान दिएको भन्दै मुख्यमन्त्री पाण्डेले पर्यटनबाट नै गण्डकी प्रदेशको समृद्धि सम्भव हुने बताउनुभयो । अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयको विकास र प्रवर्द्धनमा आफूले सक्दो सहयोग गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । "अधिकाशं विदेशी पर्यटक हिमाली क्षेत्रको पदयात्राकै लागि नेपाल आउने गरेकाले यहाँको पदमार्गको प्रचारप्रसार विदेशमा गर्न जरुरी छ," मुख्यमन्त्री पाण्डेले भन्नुभयो ।

रुसी नागरिक रोडिचेभले २१ वर्षको समय खर्चिएर नेपालका हिमाली क्षेत्रको तस्बिर खिचेर रुसका विभिन्न ठाउँमा प्रदर्शन गरी त्यहाँका आठ करोड जनतालाई नेपालका हिमालहरुका बारेमा जानकारी दिएकामा मुख्यमन्त्री पाण्डेले उहाँको प्रशंसा गर्नुभयो । नेपालका हिमालहरुको महत्व नेपालीले भन्दा पनि विदेशीहरुले बुझेको उल्लेख गर्दै उहाँले हिमालहरुको विदेशमा प्रचार गरी बढीभन्दा बढी पर्यटक नेपाल ल्याउन जरुरी भएको बताउनुभयो । गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल


बाँकी अन्तिम पृष्ठमा ▶▶



चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

◆ चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,
◆ पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं ।
◆ सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं ।
◆ सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं ।
◆ सवारीसाधनको छतमा बसेर यात्रा नगरौं ।
◆ सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं ।
◆ मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।
◆ दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेश सरकारको साझा सङ्कल्प र नीतिगत प्रतिबद्धता सार्वजनिक

**रासस**
पोखरा, १३ असोज

नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) सम्मिलित गण्डकी प्रदेश सरकारले आइतबार साझा सङ्कल्प र नीतिगत प्रतिबद्धता सार्वजनिक गरिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, एमाले गण्डकी प्रदेश संसदीय दलका नेता एवम् पूर्वमुख्यमन्त्री खगराज अधिकारीको उपस्थितिमा सरकारका प्रवक्ता आर्थिक मामिलामन्त्री तथा सरकारका प्रवक्ता डा टकराज गुरुङले साझा सङ्कल्प र नीतिगत प्रतिबद्धताबारे जानकारी गराउनुभएको हो।

दुई प्रमुख पार्टीबीच २०८१ असार १७ गते भएको सात बुँदे सहमतिलाई स्वागत गर्दै सहमतिको मर्म र भावना बमोजिम गण्डकी प्रदेशमा २०८१ भदौ १७ गते संयुक्त सरकार गठन भएको थियो। सरकारलाई जनभावना अनुरुप प्रभावकारी रुपमा सञ्चालन गरी 'आत्मनिर्भर र समुन्नत प्रदेश : सुखी प्रदेशवासी' को सोचलाई मूर्तरुप दिने सङ्कल्पसहित नीतिगत प्रतिबद्धता सार्वजनिक गरिएको उहाँले बताउनुभयो।

साझा प्रतिबद्धतामा राजनीतिक अस्थिरताका कारण नागरिकमा बढ्दो निराशालाई भरोसामा परिणत गर्दै राजनीतिक स्थायित्व प्रदान गर्न, प्रदेशका जनताको हितको रक्षा गर्न, प्रदेश संरचनाप्रति उठेका प्रश्नको व्यवहारबाटै सकारात्मक जवाफ दिने भनिएको छ। प्रदेशको आन्तरिक आय वृद्धि गर्न, सरकारको संस्थागत क्षमता अभिवृद्धि गर्दै पुँजीगत खर्चमा वृद्धि गर्न, विश्वासनीय व्यावसायिक वातावरण सिर्जना गरी उत्पादकत्व वृद्धि र रोजगारी सिर्जना गर्न, नागरिकलाई छिटोछरितो, चुस्त, दुरुस्त र प्रभावकारी सेवा प्रवाह गर्ने सरकारले जनाएको छ। भ्रष्टाचार नियन्त्रण गरी प्रदेशमा सुशासन कायम गर्न एवं प्रदेश र स्थानीय तहमा हुने विकास निर्माणको अभियानलाई तीव्रता दिन विशेष ध्यान दिइने साझा सङ्कल्पमा उल्लेख छ। समुन्नत प्रदेशका लागि प्रभावकारी सार्वजनिक सेवाको मूल मर्मलाई आत्मसाथ गर्दै नीतिगत एवम् संरचनात्मक सुधार गरी सेवा प्रवाहलाई चुस्त, गुणस्तरीय र नतिजामुखी बनाइने सङ्कल्पमा भनिएको छ।

सदाचारयुक्त गण्डकी प्रदेश अभियानलाई सार्थक बनाउन भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति कडाइका साथ लागू गरिने, प्रदेश समुन्नतिका रुपान्तरणकारी कार्यक्रम तथा आयोजना, रणनीतिक महत्व तथा प्राथमिकता प्राप्त आयोजना, प्रमुख हस्तक्षेपकारी योजना, क्रमागत योजनाको समग्र प्रगति तथा महत्वको पुनरावलोकन गर्दै समयमै सम्पन्न गर्न विशेष ध्यान दिइने विषय पनि समेटिएको छ। प्रदेशवासीलाई सुशासनको प्रत्याभूति गराउँदै विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनलाई कायम गरिने भन्दै सार्वजनिक सेवाका क्षेत्र जनमैत्री, प्रभावकारी र सहज बनाइने उल्लेख गरिएको छ।

कोरलादेखि त्रिवेणीसम्मको सडक निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ र व्यापारिक प्रयोजनका लागि आवश्यक पूर्वाधारसहित छिमेकी राष्ट्रसँगको सीमा नाका सुचारु गर्न विशेष पहल गरिने भनिएको सरकारले प्रतिबद्धता जनाएको छ। यातायात प्रणालीको अनलाइन सेवालाई थप प्रभावकारी बनाउन सम्पूर्ण सफ्टवयेरको सञ्चालन तथा व्यवस्थापन र सवारी चालक अनुमतिपत्र छपाइ प्रदेशबाट नै गर्ने गरी व्यवस्था मिलाउन सङ्घीय सरकारसँग सार्थक पहल गरिने सरकारले जनाएको छ।

आधारभूत खानेपानीको पहुँच सुनिश्चित गर्न एक घर एक धारा कार्यक्रम र निर्माणाधीन आयोजना सम्पन्न गर्ने विषयलाई उच्च प्राथमिकतामा राखिने साझा सङ्कल्पमा भनिएको छ। खेतीयोग्य जमिनमा बाह्रैमहिना सिँचाइ सुविधा पुऱ्याउन थप कार्यक्रम विस्तार गरिने भन्दै सरकारले सतह सिँचाइका सम्भावना न्यून भएका क्षेत्रमा भूमिगत एवम् लिफ्टिङ सिँचाइ जस्ता प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकास र विस्तार गरिने जनाएको छ। स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाउन स्वाथ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै स्वास्थ्य पूर्वाधार निर्माण तथा जनशक्तिको क्षमता विकासलाई जोड दिइएको छ। डाइलोसिस सेवाका लागि प्रतिक्षारत बिरामीलाई शून्यमा राखिने र प्रदेशका ११ वटै जिल्ला अस्पतालको क्रमशः क्षमता विस्तार गर्दै लगिने मन्त्री डा गुरुङले जानकारी दिनुभयो। दुर्गम क्षेत्रका जटिल अवस्थामा रहेका गर्भवती र सुत्केरी महिला तथा नवजात शिशुको उद्धार गरी सुविधासम्पन्न अस्पतालसम्म पुऱ्याउन एयर लिफ्टिङ कार्यक्रमलाई प्रभावकारी बनाइने र गुणस्तरीय मातृ तथा नवशिशु सेवाको प्रत्याभूतिसहित पूर्ण संस्थागत सुत्केरीयुक्त प्रदेश बनाउने अभियानमा जोड दिइने सरकारले भनेको छ। आन्तरिक पर्यटन प्रवर्द्धनका लागि पहिले घरदेश अनि परदेश कार्यक्रम सञ्चालन गरिने उल्लेख छ। नयाँ पर्यटकीय गन्तव्यको पहिचान, पर्यटकीय उपजको विविधिकरण, वैकल्पिक पदमार्गको निर्माण, हिमाल आरोहणको प्रवर्द्धन, पर्यटकको सेवा तथा तथा सुविधा विकास र विस्तार गरिने जनाइएको छ। प्रादेशिक पर्यटन गुरुयोजना तयार गरी क्रमशः कार्यन्वयनमा लगिने भन्दै सरकारले पोखरालाई पर्यटन राजधानी घोषणा गरिएको सन्दर्भमा 'पोखरा जाऔँ प्रकृति र संस्कृतिसँग रमाऔँ' भन्ने मूलमर्मका साथ पर्यटन पूर्वाधार विकासमा विशेष जोड दिइने उल्लेख गरेको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानलाई सञ्चालन गर्नुका साथै आन्तरिक उडानका सेवालाई सबै प्रदेशमा विस्तार गर्न आवश्यक पहल र समन्वय गरिने जनाइएको छ। कृषि उत्पादनको ब्लक तथा पकेट क्षेत्र विस्तार गरी कृषि उत्पादन वृद्धि गरिने भन्दै साझा सङ्कल्पमा कृषि बजारलाई बिचौलियामुक्त बनाइने सरकारको योजना छ।

कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन तुलनात्मक लाभको क्षेत्र पहिचान गरी सोही अनुरुप कार्यक्रमको क्षेत्र विस्तार गरिने जनाइएको छ। औँषधिजन्य तथा उद्योगजन्य कच्चापदार्थ उत्पादन गर्ने प्रयोजनका लागि गाजा खेतीको आवश्यक कानुनी व्यवस्था गरी कार्यन्वयन गरिनुका साथै स्थानीय मदिराको ब्राण्डिङलाई कानुनतः व्यवस्थित गरिने उल्लेख छ। रोजगारी र उद्यमशीलता उन्मूख स्वरोजगारीका लागि व्यावसायिक सीप तथा तालिमको व्यवस्था गर्दै उत्पादनसँग युवा अभियान सञ्चालन गरी युवालाई उद्यमशीलता तर्फ प्रोत्साहन गरिने सरकारको योजना छ। सुरुवाती व्यवसाय गर्न चाहनेका लागि बीउ पुँजी सहुलियतपूर्ण ब्याजदरमा सहजरुपमा उपलब्ध गराइने उल्लेख गरिएको छ।

खेल क्षेत्रलाई राष्ट्रको छवि निर्माणको माध्यम बनाउदै खेलाडी र खेल पूर्वाधारमा लगानी वृद्धि गरिने, नवप्रवर्तनलाई प्रवर्द्धन गर्न आवश्यक कानुनको निर्माण गरी कार्यान्वयन गरिने उल्लेख छ। सूचना प्रविधि क्षेत्रमा व्यावसायिक विस्तारको सम्भावनालाई सहजीकरण गरी पोखरालाई आइटि हवको रुपमा विकास गर्दै रोजगारी सिर्जना तथा निर्यात व्यापारको माध्यमका रुपमा विकास गरिने सरकारको योजना छ। प्रदेशको मुख्य आयस्रोतको रुपमा रहेको वनको व्यवस्थापन तथा यसको उपयोगसँग जोडिएका समस्याको समाधान गर्दै प्रदेश वन ऐनको प्रभावकारी कार्यान्वयन गरिने भनिएको छ। शिक्षामा समन्यायिक पहुँच र गुणस्तर सुनिश्चत गर्दै जीवनोपयोगी ज्ञान र सीपको विकासमार्फत उद्यमशील र शिक्षित युवा जनशक्ति उत्पादनको नीति लिइनेछ भन्दै सरकारले गण्डकी विश्वविद्यालयलाई विशिष्टिकृत प्राविधिक अध्ययन र अनुसन्धान केन्द्रको रुपमा विकास गरिने भनेको छ। संविधानमा व्यवस्था भएको प्रदेशको एकल र साझा अधिकार सूची एवं सङ्घीयताको मर्म र भावनाअनुसार प्रदेश सरकारले प्राप्त गर्नुपर्ने कानुनी, वित्तीय र प्रशासनिक अधिकार प्राप्तिका लागि सङ्घीय सरकारसँग आवश्यक समन्वय र सार्थक पहल गरिने साझा सङ्कल्पमा भनिएको छ।

सहकारीमा देखिएका अनियमितता तथा अपचलनलाई रोक्न प्रभावकारी अनुगमन र नियमन गर्दै बचतकर्ताको बचत सुरक्षण गर्न गम्भीरतापूर्वक कार्य गरिने सरकारले जनाएको छ।

पत्रकार सम्मेलनमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकार मातहतका वर्तमान साङ्गठनिक संरचना र साङ्गठनिक स्वरुपलाई वैज्ञानिक, तथ्यपरक र मितव्ययी बनाउन आवश्यक पुनरावलोकन गरी चुस्त सार्वजनिक सेवा प्रवाहलाई उच्च प्राथमिकतामा राखी कार्य गरिने जानकारी गराउनुभयो। सरकार अधिकतम परिणाम दिने कुरामा अघि बढ्ने उहाँले बताउनुभयो।

एमाले संसदीय दलका नेता एवम् पूर्वमुख्यमन्त्री खगराज अधिकारीले प्रदेशको औचित्यलाई स्थापित गर्ने गरी प्रमुख दुई पार्टी सम्मिलित सरकार लाग्ने बताउनुभयो। जनताका निराशालाई आशामा बदल्ने गरी सरकार अघि बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

# बाढीपहिरोले पुऱ्याएको धनजनको क्षतिप्रति संघद्वारा दुःख व्यक्त

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असोज

पछिल्ला केही दिनयता लगातारको बर्षासँगै देशका विभिन्न ठाउँमा आएको बाढी र पहिरोका कारण ठूलो धनजनको क्षतिप्रति होटल संघ पोखराले गहिरो दुःख प्रकट गरेको छ।

राजधानी उपत्यका लगायत देशका विभिन्न ठाउँमा आइपरेको यसप्रकारको विपदमा परी ज्यान गुमाएकाहरुप्रति संघले हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै उनीहरुका आफन्त, घाइते र परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ।

'विपदमा परी घाइते भएकाहरुको उचित उपचारको व्यवस्था गर्न र बेपत्ता भएकाहरुको खोजी तथा उद्धार कार्यलाई तीव्रता प्रदान गर्न समेत सरकार र सम्बन्धित पक्षलाई आग्रह गर्न चाहन्छौं। मृतकका परिवार र विपदका पीडितहरुलाई उचित राहात र आबश्यक परे आवासको समेत व्यवस्था गर्न होटल संघ सरकारको ध्यानाकर्षण गराउन चाहन्छ।,' संघका अध्यक्ष लक्ष्मण सुवेदीले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

मौसम विभागले जारी गर्ने बर्षा र बाढीको पूर्वअनुमानलाई ख्याल गर्दै सजग रहन र विपदको यस घडिमा आपसी सद्भाव र सहकार्य गरेर अगाडि बढ्न समेत आम नागरिकप्रति संघले अपिल गरेको छ। यसका साथै बन्द भएका राजमार्ग तथा सडक मार्गहरु छिटोभन्दा छिटो खुलाई आवागमनलाई पूर्ववत् बनाउन र भत्किएका पुल तथा संरचनाको पुनः निर्माणतर्फ ध्यान दिन समेत सरकार र सम्वन्धित निकायसँग आग्रह गरिएको छ। बाढी र पहिरोका कारण थुप्रै सडक मार्गहरु समेत अबरुद्ध भएको यस्तो अवस्थामा हवाई सेवाको थप महत्व बढेर जान्छ नै। अतः यो दुःखद र विपदको घडिमा यात्रुहरुका लागि सकेसम्म सहुलियत दरमा टिकट उपलब्ध गराउन समेत वायुसेवा कम्पनीहरुलाई संघले अनुरोध गरेको छ।

यसैगरी बाढी, पहिरो लगायतका विपतको सामना गर्नका लागि आबश्यक संयन्त्र, पूर्व तयारी र चुष्त सूचना प्रणालीको व्यवस्था गर्न तिनै तहका सरकारसँग विज्ञप्तिमा ध्यानाकर्षण गराइएको छ।

# पोउवा संघले दियो पोखरा चेम्बरका नवनिर्वाचित नेतृत्वलाई बधाई

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असोज



पोखरा उद्योग वाणिज्य संघले पोखरा चेम्बर अफ कमर्स कास्कीका नवनिर्वाचित अध्यक्ष उमराज बास्तोला, पदाधिकारी तथा कार्यसमिति सदस्यहरुलाई बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको कामना गरेको छ।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले उद्योगी/व्यवसायीहरुका समस्या समाधान एवं नीतिगत पैरवीमा दुवै संस्थाबीच कार्यगत एकता जरुरी रहेको बताए। समग्र कास्कीको आर्थिक उन्नतिका लागि पनि व्यावसायिक संस्थाहरुबीच सहकार्य जरुरी रहेको उनको भनाइ थियो।

पोखरा चेम्बर अफ कमर्स,कास्कीका अध्यक्ष उमराज बास्तोलाले व्यवसायीमाथि आइपर्ने समस्या सल्टाउन निजी क्षेत्रको एउटै आवाज हुनुपर्नेमा सहमति जनाउँदै पोखरा उद्योग वाणिज्य संघसँग सहकार्य गर्ने वचनवद्धता प्रकट गरे। पोउवा संघका निवर्तमान अध्यक्ष पवनकुमार प्रजापतिले निजी क्षेत्रका समस्या एउटै भएकाले उद्योगी/व्यवसायीमाथि समस्या आइपर्दा निजी क्षेत्रले एउटै स्वर निकाल्नुपर्नेमा जोड दिए।

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्यले सहकार्य र सहयोगले मात्र लक्ष्य प्राप्ति हुने हुँदा पोउवा संघ र चेम्बरबीच सहयोग आदान-प्रदान जरुरी रहेको बताए। पोउवा संघकी महासचिव शोभा गौतमले नजिकिँदै गरेको चाडबाडको शुभकामना व्यक्त गर्दै चाडबाडको समयमा व्यवसायीमाथि हुने सम्भावित धरपकडविरुद्ध एकजुट हुनुपर्ने बताइन्।

यसैगरी पोखरा उद्योग वाणिज्य संघमा २ जना सदस्य मनोनित भएका छन्। मनोनित हुनेमा ओम शाखिनी सप्लायर्स, न्यूरोड पोखराका संचालक सोवित पौडेल र जय भूपू सैनिक सुनचाँदी पसल महेन्द्रपुलका संचालक कमलबहादुर सुनार रहेका छन्। अध्यक्ष गोकर्ण कार्कीले संघको विधान २०६५ (पहिलो संशोधन २०७२) को परिच्छेद ६ को धारा ६.१ को 'ड' ले प्रदान गरेको अधिकार प्रयोग गर्दै उनीहरुलाई मनोनित गरेका हुन्। संघको विधान अनुसार साधारण सदस्यमध्येबाट ४ जनालाई अध्यक्षले मनोनित गर्न पाउने व्यवस्था छ।

संस्था दर्ता नं.: ६६०/०७७
'रक्तदान जीवनदान, जीवनदान महादान'
शुभ विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्वको पुनित अवसरमा
आयोजित
१०औं खुल्ला रक्तदान कार्यक्रम-२०८१
मिति: २०८१ असोज १९ गते शनिबार
आयोजक:
स्थान: गैँडाकोमुख, भद्रकाली चोक, पोखरा-१३
श्री बालगोपाल भजन कृतन सेवा समिति

## पदयात्राका ...

बस्यालले गण्डकी प्रदेश संस्कृति र प्रकृतिले धनी भएकाले यहाँ पर्यटनका सम्भावनाहरु प्रशस्त रहेको बताउनुभयो। गण्डकी प्रदेश नेपालकै उत्कृष्ट पर्यटकीयस्थल भएकाले प्रदेश सरकारले पर्यटनलाई नै पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको उहाँले जानकारी दिनुभयो। सो अवसरमा गण्डकी प्रदेशसभा सदस्य सरस्वती गुरुङले विविधताको धनी गण्डकी प्रदेशको पर्यटन विकासमा सङ्घ र प्रदेश सरकारले ध्यान दिन जरुरी भएको बताउनुभयो। गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले जलवायु परिवर्तनको असरकै कारण हिमालहरुमा हिउँ पग्लन थालेको र त्यसलाई कसरी कम गराउन सकिन्छ भन्ने बारेमा सोच्ने बेला आएको बताउनुभयो। कार्यक्रममा नेपाल पर्वतारोहण सङ्घका संस्थापक हरिध्वज तुलाचनले पनि आफ्नो धारणा राख्नुभएको थियो।

रुसी नागरिक रोडिचेभले आफूले हिमालका चित्र खिच्दा निकै दुःख पाएको र अहिले ती तस्बिर हेर्दा खुसी लागेको बताउनुभयो। चौरासी वर्षीय रोडिचेभले २१ वर्षको समयावधिमा ३२ पटक नेपाल आएर नेपालका हिमालहरुको तस्बिर खिच्नुभएको थियो। उहाँका १४० हिमालका चित्र पुस्तक र फोटो यहाँ सङ्ग्रहालयमा प्रदर्शनीमा राखिएका छन्।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# विपत्तिमा सबैले सहयोग गरौं

बाढीपहिरो र डुबानमा परी हालसम्म देशभर एक सय ७० जनाको मृत्यु भएको छ। ती घटनामा परी ४२ जना बेपत्ता भएका छन्भने एक सय ११ जना घाइते भएको गृहमन्त्रालयले एक सूचनामार्फत जानकारी दिएको छ। बाढी, पहिरोपछिको खोज, उद्धार र राहतका लागि सबै सुरक्षा निकाय परिचालित भई हालसम्म करिब चार हजार विपद् प्रभावितको उद्धार गरिएको गृहमन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिएका छन। काभ्रेपलाञ्चोक, सिन्धुली र ललितपुरलगायत जिल्लाका विभिन्न स्थानबाट घाइते र अलपत्र परेका एक सय ६२ जनालाई नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ। बाढी पहिरो प्रभावितलाई खाद्यान्नलगायत आपत्कालीन राहत सामग्री उपलब्ध गराइएको तथा घाइतेहरूको सरकारी अस्पतालमा निःशुल्क उपचार भइरहेको प्रवक्ता तिवारीले जानकारी गराएका छन।। "यसका साथै खोज तथा उद्धार र राहत कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइएको छ।

सम्बन्धित निकायसँगको समन्वयमा अवरुद्ध राजमार्ग तत्काल सञ्चालनमा ल्याउन मन्त्रालयले पहल गरिरहेकाले छ। प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसमेत विपद् प्रभावितको खोज, उद्धार र राहतमा सक्रियतापूर्वक जुटिरहेको पनि मन्त्रालयको दाबी छ। बाढीले पुऱ्याएको जनधनको क्षतिबारे सर्वदलीय बैठकले बाढी पहिरोबाट प्रभावितहरूको खोज तथा उद्दारलाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने निर्णय गरेको छ। आइतबार कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले राखेको सर्वदलीय बैठकले खोज तथा उद्दारलाई पहिलो प्राथमिकतामा राखेर सरकारका गतिविधि अघि बढाउने निर्णय गरेको छ। बैठकपछि सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले बाढी पहिरोका कारण प्रभावित तथा घाइतेको तत्काल खोज तथा उद्धारमा जुट्ने निर्णय गरेको बताए। त्यसका साथै उनले आवागमन अवरुद्ध भएर बाटैमा फसेका यात्रुलाई यातायात व्यवसायी र प्रशासनको सहयोगमा गन्तव्यमा पुऱ्याउने, यातायात आवागमन सुचारु गर्ने, विद्युत् आपूर्ति, र टेलिफोन र खानेपानी सम्बन्धित मन्त्रालयले तत्काल सुचारु गर्न पहल गर्ने निर्णय भएको मन्त्री गुरुङले जानकारी दिए।

यस्तै विनाशकारी बाढीका कारण महामारी उत्पन्न हुनसक्ने भन्दै न्यूनीकरण गर्न स्वास्थ्य मन्त्रालयले निरोधात्मक र आवश्यक जनशक्ति सहित औषधी उपचारको व्यवस्था मिलाउने बैठकले निर्णय गरेको छ। त्यस्तै नजिकिँदो चाडपर्वलाई लक्षित गर्दै उद्योग मन्त्रालयले निजी क्षेत्रको सहकार्यमा खाद्यान्न, तरकारी ग्यासलगायतका बस्नु सुपथ मूल्यमा उपलब्ध गराउने निर्णय गरेको छ। बाढी पहिरोका कारण कृषिमा पुगेको क्षति सम्बन्धित मन्त्रालयले सङ्कलन र घरवास गुमाएकाहरूका लागि आवासको प्रबन्ध सहरी विकास मन्त्रालय गर्ने निर्णय पनि गरेको छ। बैठकमा विपक्षी दलहरूले सरकारले विपदमा जति सक्रियता देखाएर खोज तथा उद्धार गर्नुपर्ने हो त्यति नगरेको भन्दै सरकारको आलोचना गरेका थिए। विपक्षीले सरकारको आलोचना गर्नु धर्म मानिए पनि उद्दार र मद्दत गर्नुपर्ने बेला विरोध गर्नु उचित होइन।सरकारलाई झक्झक्याउनु ,सुरक्षाकर्मीलाई सघाउनु र आफ्ना कार्यकर्तालाई उद्दारमा खटाउनु जिम्मेवार दलको कर्तव्य हुन आउँछ।आपतकालीन बेला खुच्चीङ भनेर बस्ने , विरोध मात्र गर्ने काम जागिर खानेले समेत सामाजिक संजालबाट गरेबाट समाज कता जाँदैछ भन्ने देखाउँछ।

यसपटकको वर्षा ५० बर्ष यताकै धेरै भएको बताइएको छाकसैले पनि अनुमान गरेका थिएनन यति ठूलो जनधनको क्षति पुग्छ भनेर।सरकारले समयमै सचेत गराउने काम गरेपनि त्यसलाई कडाइसाथ कार्यान्वयनमा चुकेको देखिन्छ। सर्वदलीय बैठकमा प्रमुख प्रतिपक्ष नेकपा माओवादी केन्द्र लगायत दलका नेताहरूले सरकारले विपदमा जति सक्रियता देखाएर खोज तथा उद्धार गर्नुपर्ने हो त्यति नगरेको भन्दै आलोचना गरेका छन्। 'यो पटक जल तथा मौसम विभागले गरेको पूर्वानुमान सही गरेको थियो। त्यसका आधारमा सरकारले पूर्व सूचनाको आधारमा गर्नुपर्ने काम तदारुकताका साथ गर्न सकेको देखिएन। खोज र उद्धारमा सुस्तता भयो सरकारले जति तदारुकता र गम्भीरता देखाएर तीनै तहका सरकारबिच समन्वय गर्नुपर्दथ्यो त्यो गरेन।प्रधानमन्त्री अमेरिकाको भ्रमण छोट्याएर आउनुपर्ने थियो।कार्यबाहक प्रधानमन्त्रीले सबैलाई परिचालन गर्न नसक्ने र त्यो हुटहुटी नहुँदा प्रधानमन्त्री शुक्रबार नेपाल फर्केको भए आलोचनाको विषय कम र जनताप्रति जवाफदेही बढी हुने थियो।अहिले खोज र राहतका काममा केन्द्रित भएर त्यसपछि उपचार, अलपत्र लाई गन्तव्यमा पुऱ्याउने र अवरुद्ध सडक खुलाउने वातावरणका लागि सरकारले सबै संयन्त्रको प्रयोग गर्नुपर्छ। र विपतका बेला एक अर्कालाई आरोप लगाउने भन्दा पनि सबै मिलेर त्यसको सामना गर्नु अहिलेका प्रमुख काम हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# फोहरलाई घरबाट वर्गीकरण गर्न 'क्लिन बागलुङ' अभियान

**रासस**
बागलुङ, १३ असोज

जिल्लाको बागलुङ नगरपालिकाले फोहरलाई घरबाट वर्गीकरण गरेर सङ्कलन गर्ने उद्देश्यले 'क्लिन बागलुङ' अभियान सञ्चालन गरेको छ। बागलुङ बजारमा उत्पादन भएको फोहरलाई डेढ दशकपछि नगरपालिकाले प्रशोधन र पुनःप्रयोग गर्न मिल्नेगरी व्यवस्थापन गर्न थालेको हो।

बजार क्षेत्रको फोहर यसअघि सङ्कलन गरेर थुपार्ने काममात्रै भएकामा आजदेखि घरबाट वर्गीकरणगरी सङ्कलन गरिने भएको हो। बजार क्षेत्रको प्रमुख समस्याका रुपमा रहेको फोहर व्यवस्थापनलाई घरबाट वर्गीकरण गर्ने, प्रशोधन गर्ने र 'जिरो वेस्ट' प्रविधिबाट उचित व्यवस्थापन गर्न नगरपालिकाले आजदेखि 'क्लिन बागलुङ' अभियान शुभारम्भ गरेको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो।

बागलुङ बजारको ऐश्वर्य पार्कमा एभरेष्ट बैंकको सहकार्यमा निर्माण गरिएको सार्वजनिक शौचालयबाट फोहर सङ्कलन गर्ने बाल्टी वितरणगरी अभियानको शुभारम्भ गरिएको हो। नगरपालिकाले रु एक करोड लागतको योजनामा 'क्लिन बागलुङ' अभियान थालेको भन्दै नगरप्रमुख श्रेष्ठले बागलुङ-१ मालढुङ्गामा फोहर सङ्कलन गर्ने र प्रशोधन गर्ने तीनवटा छुट्टाछुट्टै घर निर्माण गरिएको जानकारी दिनुभयो।

डेढ दशकदेखि मालढुङ्गामा थुप्रिएको फोहरलाई स्थानान्तरण गरेर वर्गीकरण र प्रशोधनका लागि ल्याण्डफिल्ड साइड खाली गरी पूर्वाधार बनाइएको भन्दै घरबाटै वर्गीकरण गरेर आएको फोहरलाई उक्त स्थानमा प्रशोधन तथा व्यवस्थापन गरिने नगरप्रमुख श्रेष्ठले उल्लेख गर्नुभयो। नगरपालिकाले दैनिक फोहर सङ्कलन गर्न घरघरमा सवारीसाधनको व्यवस्था गरेको छ। "नगरपालिकाले रु एक करोड खर्च गरेर फोहरलाई दीर्घकालीन समाधान गर्न थालेको छ। 'क्लिन बागलुङ' अभियानअर्न्तगत १० दिनसम्म बजार क्षेत्रमा १५ हजार फोहर सङ्कलन गर्ने बाल्टी बितरण गर्नेछौँ", नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "कुहिने, नकुहिने र पुन प्रयोग गर्न मिल्ने फोहरलाई छुट्टाछुट्टै सवारीसाधनको व्यवस्था गर्नेछौँ।" नगरपालिकाले तीन थरी रङ्गका बाल्टी वितरण गर्ने भन्दै सोही रङ्गका सवार ीसाधन तयारी अवस्थामा राखिएको उहाँले जानकारी दिनुभयो। नगरपालिकाले तीन किसिमका फोहर सङ्कलन गरेर 'जिरो वेस्ट' अर्थात् सबै फोहरको उचित सदुपयोग गर्ने अभियान थालेको छ। यसअघि नगरपालिकाले कालीगण्डकी र काठेखोला छेउको खुर्तुकेमा सङ्कलित फोहर व्यवस्थापन गर्दै आएको थियो। कुहिने, नकुहिने र पुनःप्रयोग गर्न मिल्ने फोहरको उचित व्यवस्थापन पहिलो पटक गर्न लागिएको नगरप्रमुख श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार रातो बाल्टीमा नकुहिने, निलो बाल्टीमा पुनःप्रयोग गर्न मिल्ने र हरियोमा कुहिने फोहर सङ्कलन गर्न नगरवासीलाई सोहीअनुसार बाल्टी वितरण गर्न थालिएको हो। चालु आर्थिक वर्षमा फोहर व्यवस्थापनमा नमुना पालिका बनाउने योजनाअन्तर्गत डम्पिङ साइट (फोहर फाल्न बनाइएको निश्चित स्थान) मा फोहर थुपार्ने तथा यससम्बन्धी अध्ययन अवलोकन केन्द्र बनाउने योजना रहेको नगरप्रमुख श्रेष्ठले जानकारी दिनुभयो। अहिले व्यवस्थापन गरिएको स्थानमा वर्गीकरण गरेको फोहरले थोरै क्षेत्र ओगट्ने भएकाले बाँकी क्षेत्रलाई वनभोज स्थलका रुपमा प्रयोग गर्न सकिने उहाँले बताउनुभयो। अभियानको शुभारम्भ कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापा, नगरप्रमुख श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी नेत्र सुवेदीलगायत व्यक्तिको उपस्थिति थियो।

**कुहिने फोहरबाट प्राङ्गारिक मल**

नगरपालिकामा सबैभन्दा बढी उत्पादन हुने कुहिने फोहर भएकाले यसलाई डम्पिङसाइडमा नलगी कम्पोष्ट मल बनाउन अन्यत्र व्यवस्थापन गर्ने तयारी भइरहेको नगरप्रमुख श्रेष्ठले उल्लेख गर्नुभयो। प्राङ्गारिक मल मनाउन बागलुङ-४ कुँडुलेमा जग्गा व्यवस्थापन गर्ने काम भइरहेको उहाँले जानकारी दिनुभयो। "बजार क्षेत्रमा बढी कुहिने फोहर उत्पादन हुन्छ, यसको उचित व्यवस्थापन गर्न सके आधा काम सकिन्छ, कुहिने फोहरलाई सङ्कलन गरेर कम्पोष्ट मल बनाउन आवश्यक छ। उत्पादित कम्पोष्ट मल बिक्री गरिनेछ", श्रेष्ठले भन्नुभयो, "नकुहिने र पुनः प्रयोग गर्न मिल्ने फोहर मात्रै डम्पिङ साइटमा जान्छ।"

**सार्वजनिक शौचालय निर्माण**

बागलुङ नगरपालिका र एभरेष्ट बैंकको साझेदारीमा बागलुङ बजारको मुख्य चोकस्थित ऐश्वर्य पार्कमा सार्वजनिक शौचालय निर्माण गरिएको छ। उक्त शौचालयालाई 'क्लिन बागलुङ' अभियानसँगै जोडेर आजै शुभारम्भ गरिएको छ। नगरपालिकाका उपप्रमुख राजु खड्काले रु आठ लाख लागतमा सार्वजनिक शौचालय निर्माण गरिएको बताउदै शौचालयसँगै कफी पसल र 'एटिएम बुथ' पनि राखिएको जानकारी दिनुभयो। "पार्कमा घुम्न आउने आगन्तुकको सहजताका लागि शौचालय निर्माण, कफी पसल र 'एटिएम बुथ' राखेका छौँ। विस्तारै अन्य पूर्वाधार निर्माण गर्दै जानेछौँ", उहाँले भन्नुभयो।

# मुस्ताङमा बाढीबाट क्षति

**रासस**
म्याग्दी, १३ भदौं

दुई दिनदेखिको लगातारको झरीका कारण मुस्ताङमा क्षति पुगेको छ। झरीका कारण सडक, नदी नियन्त्रण आयोजना र खेतीबालीमा बाढी पसेर क्षति पुगेको हो।

बेनी-जोमसोम-कोरला सडकको जोमसोम-छुसाङ र कागबेनी-मुक्तिनाथ सडकमा पाखोबाट गेग्रानसहितको बाढी आएर भत्काएको छ। पहिरोले यसै हप्ता कालोपत्र भएको १३ किलोमिटर लामो जोमसोम-कागबेनी सडकमा क्षति पुऱ्याएको वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाका प्रवक्ता प्रमेश गुरुङले जानकारी दिनुभयो।

शनिबार दिनभर जोमसोम-कोरला र कागबेनी मुक्तिनाथ सडक अवरुद्ध हुँदा स्थानीयवासी, सोह्रश्राद्धमा कागबेनीमा पिण्डदान गर्न र मुक्तिनाथ दर्शन गर्ने तीर्थयात्री तथा पर्यटकलाई आवतजावत गर्न समस्या भएको थियो। बेनी-जोमसोम-कोरला सडक आयोजना र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकालेडोजरकोसहायतामा अवरुद्ध सडक खुलाएको प्रवक्ता गुरुङले बताउनुभयो।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-५ फलेकको स्याउ बारीमा पाखोबाट आएको बाढी पसेर क्षति पुगेको छ।

स्याउ बगैँचा, आलु र जौँबालीमा बाढी पसेर क्षति पुगेको वडाध्यक्ष सुरेन्द्र गुरुङले बताउनुभयो। भित्र्याउने बेलाको खाद्यबाली, बजार पठाउने तयारी गरेको आलु र स्याउमा क्षति पुग्दा किसान मारमा परेका छन्।

यसैगरी जोमसोममा कालीगण्डकी नदी नियन्त्रण आयोजनाको काम गरिरहेको निर्माण कम्पनीको डोजर खोलामा फसेको छ।

# कास्की काँग्रेसमा पर्यटन विशेषज्ञ वृत्त निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असोज

नेपाली काँग्रेस कास्कीको निर्णयानुसार कास्कीमा विशेषज्ञ वृत्त वनाउने निर्णय गरे वमोजिम नेपाली कांग्रेस कास्कीलाई आवश्यक राय, सल्लाह तथा सुझाव दिनको लागि निर्माण गरिएको विशेषज्ञ वृत्तमा समाजको विभिन्न क्षेत्रमा विज्ञता हासिल गर्नुभएका व्यक्तित्वहरुलाई समेटिएको नेपाली कांग्रेस कास्कीले जानकारी दिएको छ।

जीवनको महत्वपूर्ण समय, ज्ञान, सिप र अनुभवले खारिएका व्यक्तित्वहरुको उपस्थिती र सक्रियताले कास्की कांग्रेस थप उर्जाशिल वन्ने अपेक्षा लिएको नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त वरालले वताउनुभयो। विगतमा सामाजिक क्षेत्रमा क्रियाशिल रही समाजमा सम्मानीत जीवन वनाएका उहाँहरुको अनुभवले पार्टीमा नयाँ रक्तसंचार गर्ने अपेक्षा सभापति वरालको छ। पार्टीले राजनीति, शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, वातावरण, योजना, उद्योग वाणिज्य, सुशासन तथा प्रशासन, साहित्य, कला तथा संगित क्षेत्रलाई समेटेर विशेषज्ञ वृत्त निर्माण गरेको हो। समाजको विविध क्षेत्रमा रहेर उहाँहरुले आर्जन गर्नु भएको ज्ञान, अनुभव र विज्ञताको खाँचो र आवश्यकता पार्टीलाई सदैव छ, त्यसैले उहाँहरुको मूल्यावान समय र साथलाई फेरि पनि पार्टीले लिन चाहेको हो, सभापति वरालले वताउनुभयो। कास्की कांग्रेसले आज निर्माण गरेको पर्यटन विशेषज्ञ वृत्तमा गणेश वहादुर भट्टराई, टिकाराम सापकोटा, संजयकान्त सिग्देल, सोम थापा र दामोदरभक्त थापा लाई मनोनित गरिएको छ।

यस भन्दा अगाडी राजनीतिक विशेषज्ञ वृत्त निर्माण गरि सकिएको छ, साथै अन्य विशेषज्ञ वृत्तहरु क्रमशः गठन गर्दै लैजाने जानकारी पार्टी प्रवक्ता युवक लामिछानेले जानकारी दिनुभयो। कास्कीको सामाजिक क्षेत्रमा अमूल्य समय र जीवन दिनुभएका उहाँहरुको उपस्थितीले पार्टीमा नयाँ उत्साह संचार गर्ने नेपाली कांग्रेस कास्कीका सचिव भानुभक्त ढकालले दावी गर्नुभयो। अन्य वृत्तका विशेषज्ञहरु पनि छिट्टै निर्माण गर्ने तयारीमा रहेको कास्की काँग्रेसले जानकारी दिएको छ।


## कर्जा भुक्तानी गर्नेबारे १५ दिने सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८१/०६/१४)

यस युनाईटेड नेपाल बहुउद्देश्यीय सहकारी संस्थावाट व्यावसायिक धितो कर्जा ऋणीले ऋण लिंदा गरिदिएको लिखत र कर्जा/सुविधा स्वीकृति पत्रको शर्तमा तोकिएबमोजिम संस्थालाई बुझाउनु पर्ने कर्जा रकमहरु म्यादभित्र चुक्ता नगरेको र संस्थावाट लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण सावाँ, व्याज तथा अन्य दैदस्तुर समेत बुझाउन ल्याउन सम्बन्धित ऋणी र धितो जमानीदिने व्यक्ति तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सूचित गरिएको छ। सो म्यादभित्र बक्यौता भएको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले संस्थालाई लेखिदिएको धितो र कथंमकदाचित धितोबाट असूलउपर हुन नसके असूलउपर नभई बाँकी रहेको रकम ऋणी वा निजको एकासंगोल परिवारका नाउँमा रहेको अन्य चलअचल सम्पत्ति र ऋण लिदा जमानी दिनेको नाममा रहेको वा निजको हकको चलअचल सम्पत्तिवाट समेत सहकारी सम्बन्धी ऐन, २०७४ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असूलउपर गरिलिने तथा ऋणी र व्यक्तिगत जमानतकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा समेत पूर्व जानकारीका लागि सूचित गरिएको छ।

**तपशिल :**

| क्र.सं | ऋणीको नाम, ठेगाना | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|
| १. | १. **श्री सपना ठकुरी**<br>ना.प्र.प.न.५१३००२३/३७,<br>जारी मिति २०६३।१०।२९ ,पर्वत<br>ठेगाना : कुश्मा -११, पर्वत<br>हालको ठेगाना : पोखरा -०५, कास्की<br>बाबुको नाम : रुद्र बहादुर के. सी.<br>बाजेको नाम : पुर्ण बहादुर के. सी.<br>पतिको नाम : ज्ञानेन्द्र बहादुर ठकुरी | १. कास्की जिल्ला हेमजा, गा.वि.स. वडा नं.-०५ कित्ता नं. १८ ५२, १८५४, १८५६, १८५८क्षेत्रफल १५५.०० वर्गमिटर।<br> |
| | **व्यक्तिगत जमानीकर्ताहरु** | |
| | १. **श्री सुमित ठकुरी**<br>ना.प्र.प.न. ५१-०१-७८-०३०५१, पर्वत<br>ठेगाना : कुश्मा -११, पर्वत<br>हालको ठेगाना : पोखरा-०५ कास्की<br>बाबुको नाम : ज्ञानेन्द्र बहादुर ठकुरी<br>बाजे : टोलक बहादुर ठकुरी |  |
| | २. **श्री लोप्साङ बम्जन (लामा)**<br>ना.प्र.प.न.२४-०-७०-०१२३७, सिन्धुपाल्चोक<br>ठेगाना : बाँसखर्क-०८, सिन्धुपाल्चोक<br>हालको ठेगाना : पोखरा-०५, कास्की<br>बाबुको नाम : अशोक कुमार बम्जन<br>बाजे : कृपाल बम्जन |  |
| | ३. **श्री सन्तोषी अधिकारी**<br>ना.प्र.प.न. २८३०३८/१४०, ललितपुर<br>ठेगाना : गोरिखेल-०४, ललितपुर<br>हालको ठेगाना : पोखरा-०८, बगालेटोल<br>बाबुको नाम : गोपाल घर्ती<br>बाजे : नैला जि.सी. |  |

**युनाइटेड नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
UNITED NEPAL MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.
पोखरा-१०,रक्षामार्ग, फोनः ०६१-५७१०१०, ५८९९६४
E-mail: unitednepal.mcos@gmail.com

# रेन्बो चिल्ड्रेन होम नेपालको १६ औं वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असोज

पोखरा महानगर पालिका वडा नं-६ डिहीको पाटनमा स्थित रेन्बो चिल्ड्रेन होम नेपालको १६औं वार्षिक साधारण सभा आइतबार सम्पन्न भएको छ।




कार्यक्रमका प्रमुख अतिथि एवं पोखरा महानगर पालिका वडा नं-६ वडा अध्यक्ष विष्णु बहादुर भट्टराईले संस्थाले सहाराबिन बालबालिकालाई आवासीयरूपमा शिक्षादीक्षाको व्यवस्था गरेर प्रशंसनीय कार्य गरेको बताए । उनले अनाथ बालबालिकाहरूको हेरचाहमा होमले पुर्‍याएको योगदानको खुलेर प्रशंसा गरे। सोही अवसरमा उनले संस्थालाई प्रभावकारी बनाउन वडा कार्यसमिति सहकार्य गरि अघि बढने प्रतिबद्धता समेत व्यक्त गरे । सञ्चालक गोमा ढकालले हाल २४ जना बालबालिकालाई आवासीय सुवधिा सहति अध्यापन गराउँदै आएकोमा ५० जना बालबालिका लाई उनकै घर परिवार सँगै राखी होम सपोट गरेको बताउँदै २७ जना बालबालिकाका लाई शैक्षिक सहयोग उपलब्ध गराउँदै आएको जानकारी दिएकी थिइन। उनले केही बालबालिकाहरूलाई सहयोग गरि आफ्नै घर परिवार सँग पुनस्थापना गराउन सफल भएको बताइन। बरिष्ठ सल्लाहकार तथा पर्यटन व्यवसायी अग्नि कँडेलले वर्तमान अवस्थामा आफ्नो घर परिवार चलाउन कठिन भएको अवस्थामा संस्था निःशुल्क चलाउन गाह्रो हुने भएकोले यस्तो पवित्र कार्यमा सहयोगी हातहरू बढाउनु पर्ने बताए। गैर सहकारी संस्थाका केन्द्रिय सदस्य विजय प्रधानले विगत १६ वर्षको इतिहासलाई हेर्दा यस संस्थाले आर्थिक अवस्था कमजोर भएका विभिन्न खाले जोखिममा रहेका बालिकाहरूको उद्धार, परामर्श, सहयोग तथा पुनर्स्थापना गर्ने कार्य गर्दै आएको बताए। राज्यले गर्नु पर्ने काम बालगृहले गरेको तर राज्य बाट पाउने पर्ने सहयोग नपाएकोमा गुनासो गरे।

टान पोखराका अध्यक्ष कृष्ण प्रसाद आर्चायले संस्थाले बालबालिकाहरूलाई सुरक्षित आप्रवासन प्रदान गरेकोको प्रशंसा गर्दै, संस्थामा रहेर बालबालिका अभिभावकत्व सहित पारिवारिक वातावरण प्रदान गरेकोमा सञ्चालक लाई धन्यबाद दिए।

संस्थाका अध्यक्ष कमला ढकालको अध्यक्षतामा भएको कार्यक्रममा अन्नपूर्ण आमा समुहकी अध्यक्ष रेणु लामिछाने र नमुना आमा समुह बैदामकी अध्यक्ष जुना अधिकारी ले आफ्ना भनाई राखेका थिए। कार्यक्रममा वार्षिक प्रतिवेदन संस्थाका सचिव शर्मिला थापा र आर्थिक प्रतिवेदन कोषाध्यक्ष विष्णु आर्चायले प्रस्तुत गरेका थिए।

# देवघाटधाम बाढीको जोखिममा

**पोखरापत्र संवाददाता**
दमौली, १३ भदौं

बिहीबार रातिदेखि परेको निरन्तर वर्षाका कारण तनहुँको धार्मिक तीर्थस्थल देवघाटधाम जोखिममा परेको छ।

त्रिशूली र कालीगण्डकी नदीमा आएको बाढीका कारण देवघाटका धार्मिक, शैक्षिक र भौतिक संरचना जोखिममा परेका हुन् । वर्षाका कारण देवघाट गाउँपालिका हुँदै बग्ने त्रिशूली र कालीगण्डकीमा आएको बाढीले ठूलो क्षति पुगेको छ । कालीगण्डकीमा आएको बाढीले देवघाट गाउँपालिका-५ साँढेबगर स्थित महादेव आधारभूत विद्यालय डुबानमा परेको प्रधानाध्यापक शिवहरि वाग्लेले जानकारी दिनुभयो। बाढीले विद्यालय भवन डुबाएका कारण विद्यालयको सबै काजगात नष्ट भएको उहाँले बताउनुभयो । यस्तै त्रिशूलीमा आएको बाढीले चितवन र देवघाट जोड्ने दासढुङ्गाको पुल जोखिममा परेको छ।

त्रिशूलीमा पानीको सतह अत्यधिक बढेपछि शनिबार बाढी पुल नाघेर बगेको थियो । केही घण्टा उक्त पुलमा आवतजावत समेत बन्द गरिएको थियो।

बाढीका कारण देवघाट गाउँपालिका-५ र चितवनको १७ किलोस्थित बगन्दी जाने झोलुङ्गे पुल जोखिममा परेको छ। त्रिशूली नदीको बाढीले गलेश्वर आश्रम जोखिममा छ । गलेश्वर आश्रमको नदीतर्फको केही भाग बाढीले बगाएको छ। त्रिशूली र कालीगण्डकीमा आएको बाढीले देवघाटस्थित वेणी सङ्गमा रहेका मठमन्दिर, कुटी र चितवनतर्फ रहेका धर्मशाला डुबानमा परेका देवघाट गाउँपालिकाका प्रवक्ता पूर्णबहादुर कुँवरले जानकारी दिनुभयो।

# अकबरे खुर्सानी बेचेर छ महिनामै १० लाख आम्दानी

**डम्मर बुढामगर**
बागलुङ, १३ असोज/रासस

बागलुङको गलकोट नगरपालिका-२ आरुखर्कका २८ वर्षीय महादेव कार्की १४ वर्षको उमेरमा चितवन झर्नुभयो । बसाइँसराइगरी परिवारसहित चितवन झर्नुभएका कार्की १० वर्षपछि गाउँ फर्किएर व्यावसायिक अकबरे खुर्सानीको खेतीमा लाग्नुभएको छ।

पाँच वर्ष अगाडि गाउँ फर्किएर सुरुमा कुखुरापालन गर्नुभएका कार्की व्यवसाय राम्रो नभएपछि बाख्रापालनमा लाग्नुभएको थियो । उहाँ बाख्रापालनसँगै गत वैशाखदेखिअकबरेखेतीमालाग्नुभएको हो । कार्कीले अकबरेखेतीमा राम्रो आम्दानी देखेपछि अहिले यसको खेतीतर्फ जोड दिनुभएको छ। वैशाखमा लगाएका अकबरेका बिरुवाले अहिले फल दिएपछि कार्कीको खुर्सानीबारी राताम्यै बनेका छन् । छ महिनामै रु १० लाखको अकबरे बिक्री गर्नुभएका कार्की खेती विस्तार गर्ने योजनामा हुनुहुन्छ । बढ्दो बसाइँसराइ र युवाको विदेश मोहले गर्दा अहिले गाउँका खेतीयोग्य जमिन बाँझोमा परिणत भएका छन् । बसाइँसराइ गरेर गएको १० वर्षपछि फर्किएर व्यवसाय थाल्नुभएका कार्कीले गाउँमा ठूलो सम्भावना देख्नुहुन्छ। अहिले उहाँले गाउँका बाँझो जमिनलाई उत्पादनसँग जोड्न थाल्नुभएको छ। अकबरेको मागसमेत बढेको हुँदा उत्पादन बढाउनुपर्ने दबाबमा कार्की हुनुहुन्छ। करिब १० रोपनी क्षेत्रफलमा करिब छ हजार अकबरेका बिरुवा सप्रिएर फल दिएपछि उहाँ बिहानदेखि साँझसम्मै बारीमा व्यस्त हुनुहुन्छ। करिब रु तीन लाख लगानी गरेर सुरु गरेको खुर्सानी खेतीबाट यो याममा रु २० लाख आम्दानी गर्ने लक्ष्य रहे पनि सुरुआती चरण भएको हुँदा सोचेअनुसार नभएको कार्कीले बताउनुभयो। प्रतिकिलो रु दुई सयमा करिब पाँच हजार किलो अकबरे बिक्री गरिसकेको उहाँको भनाइ छ । अझै केहीमात्रामा खुर्सानी टिप्न बाँकी रहेको उहाँ बताउनुहुन्छ। अकबरेको बजारका लागि कुनै समस्या नभएको भन्दै अहिले बागलुङसहित चितवन पठाउने गरेको कार्कीले बताउनुभयो। चितवनमा बुबाआमा रहेको हुँदा उहाँहरुले बिक्री गर्ने गरेको कार्की बताउनुहुन्छ। "हाम्रो परिवारले धेरै वर्ष अगाडि चितवन बसाइँसराइ गरेको थियो, म पनि धेरै वर्ष उतै बसेँ, पछि गाउँ धेरै सम्भावना देखेर आएको हुँ, सुरुमा कुखुरापालन गरियो, राम्रो भएन, पछि बाख्रापालन थाले राम्रो हुँदै गयो, अहिले अकबरेलाई जोड दिएको छु, यसबाट धेरै राम्रो भयो", कार्कीले भन्नुभयो, "सुरुमा धेरै सोच भएन, अलि धेरै आम्दानी गर्न सकिन्छ कि भन्ने लागेको थियो, त्यो हुन सकेन, विस्तारै ज्ञान हुँदै गएको छ, अर्को वर्षबाट राम्रो हुने आशा गरेको छु, गाउँमा जग्गा जति पनि छ, मान्छेहरु कोही बजार झरेका छन्, कोही विदेश गएका छन् ।"कार्कीलाई उहाँकी श्रीमती सन्दीपाले साथ दिँदै आउनुभएको छ। चार वर्षदेखि बाख्रापालन गर्दै आउनुभएका कार्कीले यसबाट पनि राम्रो आम्दानी गर्दै आउनुभएको छ । अब अकबरे खेतीलाई नै बढी समय दिने उहाँको भनाइ छ। हाल उहाँको बाख्रा फार्ममा ६० खसीबोका छन् । बढ्दो बसाइँसराइले गाउँ रित्तिएपछि सुनसान बन्दै गएको छ। गाउँमा व्यवसाय गरेर अरुलाई पनि यहाँ धेरै सम्भावना रहेको देखाउनेगरी काम गर्ने कार्की बताउनुहुन्छ।

नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले पछिल्लो समय गाउँमा बस्नेको सङ्ख्या घट्दै गएपछि पालिकाले युवालाई उद्यमसँग जोड्नेगरी काम गर्न थालेको बताउनुभयो । कार्कीले सिँचाइका लागि पाइप माग गरेको हुँदा केही समयमै उपलब्ध गराउने उहाँको भनाइ छ । कार्कीलाई आवश्यक कृषि अनुदानका साथै आवश्यक प्राविधिक सहयोग पनि गर्दै जाने प्रवक्ता भण्डारीले बताउनुभयो। खुर्सानीखेती पहिलो पटक गर्न लागेको हुँदा बजारलगायत अन्य समस्या परे नगरपालिकाले सहजीकरण गर्ने उहाँ बताउनुहुन्छ।

प्रवक्ता भण्डारीले भन्नुभयो, "नगरपालिकाले व्यावसायिक रुपमा कृषि गर्ने किसानलाई प्रोत्साहनका लागि अनुदानसहित प्राविधिक सहयोग गर्दै आएका छौँ, गलकोटमा नयाँ व्यवसायी थपिनु हाम्रा लागि राम्रो पक्ष हो, यस्ता पौरख गर्ने किसानलाई नगरपालिकाबाट सक्दो सहयोग हुन्छ, उहाँहरुलाई प्रेरित हुनेगरी काम गर्नेमा हामी प्रतिबद्ध छौँ।"

# टी-२० सिरिजको पहिलो खेलमा नेपाल क्यानडासँग पराजित

**रासस**
काठमाडौं, १३ भदौं

टी-२० त्रिकोणात्मक सिरिजको पहिलो खेलमा नेपाल क्यानडासँग पराजित भएको छ। नेपाल क्यानडासँग १४ रनले पराजित भएको हो।

क्यानडाको किङ्ग सिटीमा शनिबार टस हारेर पहिला ब्याटिङ गरेको क्यानडाले २० ओभरमा आठ विकेट गुमाउँदै एक सय २३ रन बनायो। एक सय २४ रनको लक्ष्य पछ्याएको नेपालले १९ ओभर खेल्दै सबै विकेट गुमाएर एक सय नौ रन मात्र बनाउन सक्यो। ब्याटिङ गर्ने क्रममा नेपालका लागि कप्तान रोहितकुमार पौडेलले ३९ बलमा दुई चौका र दुई छक्कासहित ३७ रन बनाए । यस्तै कुशल मल्लले १२, देव खनालले ११ तथा सन्दीप लामिछानेले १० रन बनाए। बलिङतर्फ क्यानडाका कलिम सानाले चार विकेट लिए। यस्तै साद बिन जाफरले तीन तथा प्रविन कुमार र अखिल कुमारले एक एक विकेट लिए। त्यसअघि पहिला ब्याटिङ गर्दै क्यानडाका लागि साद बिन जाफरले १८ बलमा तीन चौकासहित २३ रन बनाए।

यस्तै श्रेयस मोभ्भाले २२, प्रविन कुमारले १९, नवनित धालिवालले १४ तथा अखिल कुमारले १४ रन बनाए। बलिङतर्फ नेपालका सन्दीप लामिछाने र सोमपाल कामीले तीन तीन तथा दीपेन्द्रसिंह ऐरी र रिजन ढकालले एक एक विकेट लिए। नेपालले दोस्रो खेल अब आइतबार राति ओमानसँग खेल्नेछ।


## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फेदीखोला बजार, फेदीखोला-०२
### गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१।०६।१४)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क, प्रदेश सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन, क्रसिङ तथा क्रसर उद्योग स्थापना र संचालनलाई ब्यवस्थित गर्ने कार्यविधि, २०७५, नेपाल सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा सो को प्रथम संशोधन २०७९ र यस गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा १३ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदी/खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गाउँपलिकाले गाउँपालिकाको आर्थिक ऐन, २०८१ को अनुसुची १२ को क्र.सं. ७ मा तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७९/८० वा ०८०/८१ को कर चुक्ताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ।

**तपसिल**

| सि. नं. | सूचना नं. ०६/०८१/८२/ पी.आर.एम. को बोलपत्र नं. | बोलपत्रको नाम/घाटको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू. अ. कर बाहेक) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | 06/PRM/IR/081–82 | सेतीखोला भाटखोला चनौटे दोभान | २०३९७७ | १,६२४,५९५/५७ | बोलपत्रदाताले आँफुले कबोल गरेको मु.अ.क. सहितको रकमको ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत जम्मा गरी बोलपत्र पेश गर्नुपर्नेछ। | १०००/- |
| २ | 07/PRM/IR/081–82 | ठाडोखोला डहरेदोभान | १०८०६३ | ८६०,६७८/७६ | | १०००/- |
| ३ | 08/PRM/IR/081–82 | दोपरे चाँपको रुख | ८३९०० | ६६८,२३०/०८ | | १०००/- |
| ४ | 09/PRM/IR/081–82 | सेतीखोला पिप्ले पातिहाल्ना | १२६५२३ | १,००७,७०५/३० | | १०००/- |
| ५ | 10/PRM/IR/081–82 | घ्याङरुङखोला ढाँण | २२०७१६ | १,७५७,९१५/०४ | | १०००/- |

**शर्तहरुः**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व. ०७९/८० वा ०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मु.अ.क. (प्यान) दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा प्राइम कमर्सियल बैंक शाखा कार्यालय फेदिखोलामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०६५०१००००००३०८००१८० मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजस्व शाखामा नगदै वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।

२.बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आँफुले कबोल गरेको मु.अ.क. सहितको कूल कबोल अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको प्राइम बैक फेदिखोला शाखा स्थित धरौटी खाता नं. ०६५०१००००००००३६००१७९ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र बोलपत्रको नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ।

३.खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्रको विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

४.एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको १३:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५.प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १० औं दिन दिनको ११:०० बजे फेदिखोला गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

६.बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७.बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता बापत बाँकी ५० प्रतिशत ले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असोज मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस गाउँपालिकाका नदी/खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

९. विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फर्छ्योट नगरेसम्म बोलपत्र प्रकृयामा भाग लिन पाउने छैनन्। ठेक्का प्रकृयामा भाग लिएमा त्यस्ता बोलपत्रहरुलाई मूल्याङ्कन प्रकृयाबाट हटाई बाँकी रहेका बोलपत्रहरुको मात्र मूल्याङ्कन लगायतका अन्य प्रकृया अगाडि बढाइनेछ।

१०. यस सूचनामा उल्लेख भएका विषयहरु यसै बमोजिम र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन्।

(नोटः विस्तृत जानकारी यस कार्यालयको website:www.phedikholamun.gov.np मा समेत हेर्न सकिनेछ।)